# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, मंसीर ७ गते २०५० साल (संख्या ३१

## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

टिकापुर विकास समिति (गठन) (नवौं संशोधन) आदेश, २०५०

टिकापुर विकास समिति (गठन) आदेश, २०२८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "टिकापुर विकास समिति (गठन) (नवौं संशोधन) आदेश, २०५०" रहेकोछ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. टिकापुर विकास समिति (गठन) आदेश, २०२८ को दफा २ मा संशोधनः टिकापुर विकास समिति (गठन) आदेश, २०२८ (यस पछि 'मूल आदेश' भनिएको) को दफा २ को,–

(१) उपदफा (२) को खण्ड (ग) मा रहेको "१ (एक) जना" भन्ने शब्दहरूको सट्टा "दुईजना" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (२) को खण्ड (च) पछि देहायका खण्ड (च१), (च२) र (च३) थपिएका छन्–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२३

"(च१) सभापति, जिल्ला विकास समिति, कैलाली– सदस्य

(च२) सदस्य, जिल्ला विकास समिति (इलाका नं. १) कैलाली– सदस्य

(च३) अध्यक्ष, टिकापुर गाउँ विकास समिति, कैलाली–" सदस्य

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ–

(४) समितिका पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको निमित्त गणपुरक संख्या पुगेको मानिने छ।"

३. मूल आदेशको दफा ३ मा संशोधन– मूल आदेशको दफा ३ को,– (१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ–

"(२क) उपदफा (२) बमोजिम समितिले आफ्नो नाममा जग्गा धनी दर्ता प्रमाणपूर्जा लिइसकेपछि त्यस्ता जग्गाहरू (जुन समितिको विभिन्न मितिको निर्णय अनुसार विभिन्न व्यक्ति वा संस्थानहरूलाई प्रदान गरिएको छ) कुन व्यक्ति वा संस्थाहरूलाई प्रदान गरिनु पर्ने हो सो यकीन गरी स्वीकृतिको लागि श्री ५ को सरकार आवास तथा भौतिक योजना मन्त्रालय समक्ष पेश गर्ने र मन्त्रालयबाट स्वीकृत भई आए बमोजिम त्यस्ता जग्गाहरू नापी टोलीबाट कित्ताकाट गराइ सम्बन्धित व्यक्ति वा संस्थाको नाममा जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउने।"

(२) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ–

"(३क) उपदफा (३) बमोजिम जग्गा बिक्री वितरण गरी प्राप्त हुन आएको रकमबाट कृषि विकास बैंकबाट लिएको ऋणको साँवा ब्याजको रकम चुक्ता गर्ने र त्यसरी ऋण चुक्ता गरी बाँकी हुन आएको रकम मात्र समितिको अन्य काममा उगाउने।"

(३) उपदफा (६) पछि देहायको उपदफा (७) र (८) थपिएका छन्–

"(७) विभिन्न व्यक्ति वा संस्थाहरूलाई प्रदान गरिएको जग्गाका सम्बन्धमा आवश्यक छानबीन गरी योजना कार्यान्वयन गर्नको ला. आवश्यक भएमा त्यस्ता व्यक्ति वा संस्थासंग जग्गा सट्टा पट्टा गर्ने।

(८) आफ्नो नाममा रहेका जग्गाको समय-समयमा मूल्य निर्धारण गर्ने।"

आज्ञाले,

शिवबहादुर प्रधानाङ्ग

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३२८